IME LiFE

*Ensuring Future*

आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लि.

IME Life Insurance Company Ltd.



# प्रथम वार्षिक प्रतिवेदन

# २०७३/७४

# सञ्चालक समिति



डा. रामहरि अर्याल
अध्यक्ष



श्री अश्विनी कुमार आचार्य
सञ्चालक



श्री दिपक शर्मा पोखरेल
सञ्चालक



श्री इश्वर कुमार कार्की
सञ्चालक



श्री दिप चन्द्र रेग्मी
सञ्चालक



श्री प्रकाश न्यौपाने
कम्पनी सचिव

# विषयसूची


| क्र.सं. | | पेज नं. |
|---|---|---|
| १. | प्रथम वार्षिक साधारण सभाको सूचना | ३ |
| २. | साधारण सभा सम्बन्धी सामान्य जानकारी | ४ |
| ३. | प्रोक्सी फारम | ५ |
| ४. | अध्यक्ष ज्यू को मन्तव्य | ७ |
| ५. | सञ्चालक समितिको प्रतिवेदन | ८ |
| ६. | आर्थिक वर्ष २०७३।०७४ को लेखापरीक्षकको प्रतिवेदन | १३ |
| ७. | आर्थिक वर्ष २०७३।०७४ को वित्तीय विवरण | १४ |
| ८. | वित्तीय विवरण स्वीकृत पत्र | ४६ |
| ९. | तीन महले विवरण | ४८ |

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस आई.एम.ई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सञ्चालक समितिको मिति २०७४ साल मंसिर २६ गते बसेको २८औं बैठकको निर्णयानुसार यस लाइफ इन्स्योरेन्स कम्पनीको प्रथम बार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा निम्न बिषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि अनुरोध छ ।

**साधारण सभा बस्ने :**

मिति : २०७४ साल पुस २६ गते बुधवार, (तद्नुसार १० जनवरी २०१८)

स्थान : लैंनचौर व्याङ्क्वेट, लैंनचौर, काठमाण्डौं ।

समय : बिहानको ११.०० बजे ।

**छलफलका विषयहरू :**

**(क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिबेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७३/७४ को वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायत वित्तिय विवरण स्वीकृत गर्ने ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिको निर्वाचन गर्ने ।
५. सर्वसाधारण शेयर निष्काशन गर्ने ।

**(ख) विशेष प्रस्तावहरू :**

१) सञ्चालक समितिको बैंठकमा उपस्थित भए बापत सञ्चालकले पाउने बैठक भत्ता तथा सुबिधा स्वीकृत गर्ने ।
२) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने तथा उक्त संशोधनमा कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति वा अन्य नियमनकारी निकायले फेरबदल गरेमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।
३) संस्थागत सुशासन सम्बन्धि निर्देशिका, २०७३ को दफा १२(२) बमोजिम महाप्रबन्धकको पारिश्रमिक बारे ।

**(ग) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**

**प्रकाश न्यौपाने**
**कम्पनी सचिव**

# साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले प्रवेशपत्र वा सक्कल शेयर प्रमाणपत्र वा आधिकारीक परिचय पत्र (जस्तै नागरिकताको प्रमाणपत्र वा अन्य कुनै परिचयपत्र) साथमा लिई आउन अनुरोध छ ।

२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई त्यहाँ रहेको हाजिर पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका बिहान ९.०० बजे देखि सभा सञ्चालन समयसम्मको लागि खुल्ला रहने छ ।

३. कम्पनी ऐन, २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको कर्पोरेट कार्यालय हाथवे कम्प्लेक्स, प्रथम तल्ला, लैनचौर, काठमाण्डौंबाट उपलब्ध गराउन सकिने व्यहोरा जानकारी गराइन्छ । उल्लेखित विवरण कम्पनीको वेभसाइट ठेगाना www.imelifeinsurance.com मार्फत हेर्न सक्नुहुनेछ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पुर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुनेगरी) हुने गरी प्रतिनिधि - पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको कर्पोरेट अफिसमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात २०७४ साल पुस २४ गते दिनको ११:०० बजे भित्र कम्पनीको कर्पोरेट कार्यालय हाथवे कम्प्लेक्स, प्रथम तल्ला, लैनचौर, काठमाण्डौंमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

५. नावालक वा विक्षिप्त शेयरधनीहरूको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

६. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

७. संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

८. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैशियतले सभामा भाग लिन सक्नु हुनेछ ।

१०. छलफलका विषय/सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरूले यथासक्दो झोला प्याकेट आदि नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षकर्मीले सभाकक्षमा प्रवेश गर्नेको सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध छ ।

१२. अन्य थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय हाथवे कम्प्लेक्स, प्रथम तल्ला, लैनचौर, काठमाण्डौं मा सर्म्पक राख्नु हुन अनुरोध छ ।

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## प्रोक्सी फारम (प्रतिनिधि पत्र)

श्री सञ्चालक समिति
आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
का.म.न.पा-२९, लैनचौर, काठमाण्डौ ।

**विषय : प्रतिनिधि नियुक्त गरेको बारे ।**

महाशय,

.................... जिल्ला .................... न. पा./गा.पा वडा नं. ....... बस्ने म/हामी .................... त्यस कम्पनीको शेयरधनीको हैसियतले २०७४ साल पुस महिना २६ गते बुधबारका दिन हुने प्रथम वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .................... जिल्ला ....................न.पा./गा.पा. वडा नं........बस्ने त्यस कम्पनीका शेयरधनी श्री .................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/पठाएका छौं ।

**निवेदक**
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी प्रमाणपत्र नम्बर/बी.ओ. आइडी नम्बर:
मिति :

प्रतिनिधि नियुक्त भएको व्यक्तिको
हस्ताक्षरको नमुना :
शेयरधनी प्रमाणपत्र नम्बर/बी.ओ. आइडी नम्बर:
मिति :

द्रष्टव्यः यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कर्पोरेट कार्यालय हाथवे कम्प्लेक्स, प्रथम तल्ला, लैनचौर, काठमाण्डौंमा पेश गरी सक्नु पर्नेछ । कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रोक्सी दिन पाईने छैन ।

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## प्रवेश–पत्र

१. शेयरधनीको नाम:
२. ठेगाना:
३. शेयरधनी प्रमाणपत्र नम्बर/बी.ओ.आइडी नम्बर:
४. लिएको शेयर संख्या:
५. शेयरधनीको दस्तखत:

श्री आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको मिति २०७४/०९/२६ मा हुने प्रथम बार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रबेश-पत्र ।

प्रकाश न्यौपाने
कम्पनी सचिव

**द्रष्टब्य :** सभाकक्षमा प्रवेश गर्न यो प्रबेश-पत्र अनिवार्य रूपमा लिई आउनुहुन अनुरोध छ ।
अन्यथा सभाकक्षमा प्रवेश गर्न पाईने छैन ।

# आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभामा अध्यक्ष डा. रामहरि अर्यालबाट प्रस्तुत मन्तव्य

**आदरणीय संस्थापक शेयरधनी महानुभावहरू,**
आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको प्रथम वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट यस वार्षिक साधारण सभामा भाग लिन पाल्नु भएका सम्पूर्ण आदरणीय संस्थापक शेयरधनी महानुभावहरूलाई हार्दिक स्वागत गर्दछु । कम्पनीले व्यवसाय सञ्चालन गरेको छोटो समयमा नै कम्पनीका संस्थापक शेयरधनी, ग्राहकहरू तथा नियमनकारी निकायहरूबाट प्राप्त भएको अपार सहयोग, सद्भाव तथा कम्पनी प्रति देखाउनुभएको सौहार्दताले गर्दा नै लक्ष्य प्रति अगाडि बढ्न सहयोग भएको व्यहोरा संस्थापक शेयरधनी महानुभावहरूलाई जानकारी गराउँद छु ।

कम्पनीको प्रथम वार्षिक साधारण सभामा आ.व. २०७३/०७४ को लेखापरीक्षण भएको वासलात, आय–व्यय विवरण, नाफा–नोक्सान हिसाबलगायत सञ्चालक समितिले तयार पारेको प्रतिवेदन यहाँहरू समक्ष अनुमोदनका लागि पेश गर्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ । प्रस्तुत वित्तीय विवरण कम्पनीको सञ्चालक समितिको मिति २०७४।०७।१९ गतेको बैठकबाट पारित भएको जानकारी गराउँदछु । साथै बीमा समितिको मिति २०७४।०८।१२ गतेको पत्र मार्फत स–शर्त निर्देशन सहित विवरण स्वीकृत भएको व्यहोरा समेत अवगत गराउँदछु ।

कम्पनीले लामो समयको विभिन्न आरोह–अवरोहका बाबजुद यस वर्ष आधिकारिकरूपमा आफ्नो कारोबार शुभारम्भ गरेको अवसरमा हामी सबैलाई गौरवको अनुभुति भईरहेको मैले महशुस गरेको छु । कम्पनी सञ्चालनको यस अवधिमा देशका विभिन्न ५५ स्थानहरूमा शाखा कार्यालयहरू स्थापना तथा विस्तार गर्न स्वीकृति पाएकोमा हालसम्म ४० स्थानमा शाखा कार्यालयहरू पूर्णरूपमा विस्तार भई सञ्चालनमा आएको र स्वीकृत प्राप्त अन्य स्थानहरूमा शाखा कार्यालयहरू विस्तार गर्ने क्रममा रहेका छौं । जस सम्बन्धी विस्तृत विवरण यसै प्रतिवेदनमा संलग्न गरिएको छ । स्थापना भएका सबै शाखाहरूबाट ग्राहकहरूलाई स्तरीय सेवा प्रदान गर्दै आएका छौं । भविष्यमा नेपालका अधिकांश जिल्लाहरूमा शाखाहरू विस्तार गरी बीमितहरूलाई छिटो, छरितो, सहज र सुलभ रूपमा स्तरीय सेवा पुऱ्याउने हाम्रो उद्देश्य रहेको छ । हामीले आम मानिसको पहुँच हुने खालका स्तरीय तथा लाभदायक बीमा योजनाहरू कार्यान्वयनमा ल्याइरहेको सन्दर्भमा भविष्यमा अझ बढी लाभदायक बीमा योजनाहरू ल्याउन प्रयासरत छौं । हाल कम्पनीले १० प्रकारका जीवन बीमा योजनाहरू प्रयोगमा ल्याएको छ । जसमा सामान्य सावधिक, बाल शिक्षा, आजीवन, नगदफिर्ता, साढे तीन गुणा रक्षावरण सहितको नगद फिर्ता (बीमा योजना), म्यादी जीवन बीमा लगायतका बीमा योजना रहेका छन् । भविष्यमा समेत थप नवीनतम् बीमा योजनाहरू ल्याउने योजनामा छौँ । सो कार्यका लागि यहाँहरूको सदैव सहयोग र साथको अपेक्षा गरेका छौं ।

**संस्थापक शेयरधनी महानुभावहरू,**
कम्पनीमा आबद्ध रहेका १२५४ अभिकर्ताहरूलाई उत्प्रेरित गरी व्यावसायिक प्रवर्द्धनमा सक्रिय, जागरूक र प्रतिस्पर्धी बनाउने योजना रहेको छ । कम्पनीले देशका ४० स्थानबाट बीमालेख जारी गर्दै आएको छ भने आगामी दिनमा थप शाखाहरूबाट बीमालेख जारी गर्ने तयारीमा लागिपरेका छौँ । हाम्रा यी प्रयासहरू बीमा समितिको जीवन बीमाको पहुँच व्यापक विस्तार गर्ने नीति तर्फ लक्षित छन् ।

कम्पनीले स्वदेशी "सिद्धी लाइफ" सफ्टवेयर प्रयोग गरी कर्पोरेट कार्यालय तथा शाखाहरूबाट अनलाइन मार्फत सेवा प्रदान गरिरहेको छ । जसको कारण जुनसुकै शाखाहरूबाट बीमालेख तथा भुक्तानी रसिद तुरून्तै उपलब्ध गराउन सम्भव भएको छ ।

नियमनकारी निकाय श्री बीमा समितिको बीमक दर्ता तथा बीमा व्यवसाय सञ्चालन सम्बन्धी निर्देशिका, २०७३ को दफा ७ (१) को प्रावधान अनुसार जीवन बीमा व्यवसाय सञ्चालन गरिरहेका बीमकका हकमा २०७५ साल आषाढ मसान्तसम्ममा चुक्ता पूँजी कम्तीमा रू. २ अर्ब पुऱ्याउनुपर्ने प्रावधान उल्लेख गरेकोमा कम्पनीले सर्वसाधारणलाई शेयर जारी गरी पूँजी वृद्धि गर्ने जानकारी गराउँदछु । भविष्यमा समेत नियमनकारी निकायको निर्देशनअनुसार कम्पनीको पूँजी वृद्धि गर्दै लैजान प्रतिबद्ध रहेका छौँ ।

**संस्थापक शेयरधनी महानुभावहरू,**
अन्त्यमा, यस कम्पनीको उन्नति र प्रगतिमा निरन्तर सक्रिय रहनु भएका कर्मचारीहरू, कम्पनीप्रति विश्वास र भरोसा गर्नुहुने समस्त बीमितहरू, संस्थापक शेयरधनी महानुभावहरू, उचित मार्गनिर्देशन गर्ने नियमनकारी निकाय श्री बीमा समिति, श्री कर कार्यालय, श्री कम्पनी रजिष्ट्रारको कार्यालय तथा कम्पनीको सफलतामा साथ दिने सम्पूर्ण बीमा कम्पनीहरू, पुनर्वीमा कम्पनी, अभिकर्ताहरू, विभिन्न बैंक तथा वित्तीय संस्था एवं अन्य शुभेच्छुकहरू सबै प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।
धन्यवाद,

मिति २०७४।०९।२६

**डा. रामहरि अर्याल**
**अध्यक्ष**

# आई.एम.ई.लाइफ इन्स्योरेन्स कम्पनीको प्रथम वार्षिक साधारण सभामा कम्पनी ऐन २०६३ को दफा १०९ अनुसार सञ्चालक समितिले तयार पारी समितिको तर्फबाट अध्यक्ष डा. रामहरि अर्यालज्यूबाट प्रस्तुत प्रतिवेदन :

## (क) विगत वर्षको कारोबारको सिंहावलोकन :

कम्पनी २०६५।०६।१५ मा संगठित संस्थाका रूपमा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता रहेको भएतापनि नौं वर्षको लामो समयावधि पछि मात्र बीमा व्यवसाय सञ्चालन गर्न मिति २०७४/०३/२० मा नियमनकारी निकाय श्री बीमा समितिबाट स्वीकृति पाई मिति २०७४/०५/०१ गतेबाट विधिवतरूपमा कारोवार सञ्चालन गरी जीवन बीमा व्यवसाय गर्दै आएको छ । यस कम्पनीको विगतका वर्षहरूमा कुनै कारोबार नरहेको जानकारी गराउँदछौं ।

**बीमा कोषको मूल्याङ्कन :**

कम्पनीको बीमा कोषको प्रथम मूल्याङ्कन बीमा समितीको नियमअनुसार आ. व. २०७४।७५ को समाप्ती पश्चात गरिनेछ र सोही अनुसार बीमितलाई प्रदान गरिने बोनस दर कायम गरिनेछ ।

**मानव संशाधन :**

कम्पनीले मिति २०७४/०३/२० गते मात्र नियमकारी निकाय श्री वीमा समितिबाट जीवन बीमा व्यवसाय सञ्चालन गर्न स्वीकृति पाएकोमा आर्थिक वर्ष २०७३/७४ मा कम्पनी जम्मा दश (१०) दिन मात्र सञ्चालनमा आएको हुनाले कम्पनीमा काम गर्ने कर्मचारीको संख्या एक जना मात्र रहेकोमा हाल आर्थिक वर्ष २०७४/७५ मा यो प्रतिवेदन तयार हुँदाका अवस्थासम्म ११३ कर्मचारीहरू कर्पोरेट तथा कम्पनीका विभिन्न शाखा कार्यलयहरूमा कार्यरत रहेको व्यहोरा जानकारी गराउन चाहन्छौं ।

## (ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सो असर :

वर्तमान परिप्रेक्षमा कम्पनीले आफ्नो व्यवसाय भर्खर मात्र शुभारम्भ गरेको हुनाले यस अवस्थासम्म आइपुग्दा अन्तराष्ट्रिय स्तरबाट दृष्यरूपमा कम्पनीको कारोबारमा खासै असर पारेको महसुस नभएता पनि देशको बदलिँदो राजनैतिक अवस्थाले राजनैतिक स्थायित्व अलाबा देशको आर्थिक, सामाजिक, प्रशासनिक, औद्योगिक, शैक्षिक स्तरको विकाससँगै आर्थिक तवरले समेत स्थायित्व प्राप्त गर्ने आशा लिएका छौं । वर्तमान परिप्रेक्षमा स्थानीय तह तथा प्रादेशिक तहको चुनाब सफलरूपमा सम्पन्न भए पश्चात् जनमानसमा राजनैतिक स्थायित्वसहित आर्थिक समृद्धि तर्फ अग्रसर रही देशको अन्योलताको अन्त्य हुने आशा रहेको र विभिन्न अवसरहरूको सिर्जना हुने अपेक्षासमेत गरेका छौं । जसले गर्दा जीवन बीमाको बजार अझ फराकिलो हुनेसमेत अपेक्षा गरेका छौं। बदलिँदो राजनैतिक, आर्थिक, सामाजिक, प्रशासनिक परिवेशसँगै यस कम्पनीले कर्मचारीलाई आवश्यक सीपमूलक तालिम तथा प्रशिक्षण दिई कम्पनीको लक्ष्यप्रति कटिबद्ध भई लागिपर्न थप सशक्त योजनामूलक कार्यक्रमको तर्जुमा गर्ने र उक्त कार्य गर्नाले कर्मचारीलाई कामप्रति थप ऊर्जा मिल्ने अपेक्षा लिएका छौं । अझै पनि आम जनमानसमा जीवन बीमाको पहुँच ज्यादै न्यून रहेकोले यस कम्पनीले जनमानसको स्तरमा आफ्नो विशेष स्थान बनाउनका लागि जन–चेतनामूलक कार्यक्रम मार्फत जनमानसको बिश्वास जित्ने समेत लक्ष्य लिएको छ । कम्पनीले कारोबार स्वीकृति पाई आजको मितिसम्म आइपुग्दा शाखा विस्तारका माध्यमबाट व्यावसायिक पहुँच बढाउने हेतुले व्यापकरूपले शाखा विस्तारमा लागिपरेकोले समीक्षा अवधिको प्रथम त्रैमासिक प्रगति विवरण सोचेभन्दा रहेकोले आगामी दिनमा शाखा विस्तार सँगै व्यवसायलाई समेत सँगै अघि बढाउने र थप मेहनत गरी बीमा व्यवसायमा आफ्नो छुट्टै पहिचान बनाउने कार्यमा प्रयासरत छौं ।

## (ग) प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारणा :

बीमालेख संख्या : १०,०३१
बीमा शुल्क रू. : ८,२२,६८,८१३।-
दावी भुक्तानी : दाबी नपरेको
जीवन बीमा अभिकर्ताहरूको संख्या : १२५४
जीवन बीमा योजनाहरू : १०
शाखा तथा उप-शाखाहरू : ४०

कम्पनीले जीवन बीमा व्यवसायमा आफ्नो छुट्टै पहिचान स्थापना गर्ने हेतुले आफ्नो शाखाहरू विस्तार गरी सेवाग्राहीहरूलाई जीवन बीमाको अधिकतम पहुँच पुऱ्याउन अग्रसर भई लक्ष्य अनुरूपको कार्य गर्न प्रयासरत छौं । बीमा सम्बन्धी जनचेतना जागृत गराई गुणस्तरीय

सेवा दिँदै कारोबारमा अझ अभिवृद्धि गरी लक्ष्य हासिल गर्न व्यवस्थापनलाई नयाँ ढंगले सक्रिय र सुदृढ गर्दै लगिनेछ । जीवन बीमा व्यावसायको मेरूदण्डको रूपमा रहेको दक्ष जीवन बीमा अभिकर्ताहरूको संख्या वृद्धि गर्न देशव्यापी रूपमा अभिकर्ता तालिम सञ्चालन गर्ने नीतिलाई कार्यान्वयन गर्दै लगिनेछ भने हाल कार्यरत अभिकर्ताहरूलाई पुनर्ताजगी कार्यक्रमहरू सञ्चालन गरि व्यक्तित्व विकास तथा बीमाको महत्व बारेमा जनचेतना बिस्तार गरिनेछ । भविष्यमा बजार अध्ययन गरी संभाव्यताको आधारमा आवश्यकताअनुसार नयाँ जीवन बीमा योजनाहरू ल्याइनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बजार अध्ययन गरी मोबाइल एप्लिकेशन लगायतका डिजिटल प्रविधि, शाखा तथा उप(शाखा कार्यालयहरूको विस्तार गर्दै आवश्यकता अनुसार प्रत्येक ग्राहक वर्गहरूको घर दैलोमा वीमा योजनाहरू सम्बन्धित शाखा तथा अभिकर्ता कार्यालयहरूबाट जारी गरिने व्यवस्था मिलाइने छ । सो सम्बन्धी कार्ययोजना बनाई काम गर्नका लागि व्यवस्थापनलाई समय समयमा निर्देशन दिदै आएका छौँ ।

### (घ) कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्ध :

कम्पनीको सरोकारवाला विभिन्न स्वदेशी तथा विदेशी निकायहरूसँग सुमधुर व्यावसायिक सम्बन्ध कायम रहँदै आएको छ । पारदर्शिता र व्यावसायिकताका आधारमा स्थापित भएका यस्ता सम्बन्धहरू फलदायी हुने विश्वास लिएका छौँ । बीमा व्यवसायको विकास र विस्तारका लागि कम्पनीले विभिन्न औद्योगिक प्रतिष्ठानहरूमा सुमधुर सम्बन्ध कायम राख्दै आएको छ । कम्पनीले आफ्नो कार्य क्षेत्र विस्तार गर्न संगठित संघ संस्था, व्यावसायिक निकायहरू, औद्योगिक प्रतिष्ठानहरू, बैङ्क तथा वित्तीय संस्था, बीमा कम्पनीहरू, पूनर्बीमा कम्पनीहरू तथा सबै क्षेत्रका व्यक्तिहरूसँग सुमधुर सम्बन्ध कायम गर्न अग्रसर रहेको अवगत गराउँदछौँ ।

### (ङ) सञ्चालक समितिमा भएको हेरफेर र सो को कारण :

कम्पनीको नियमावलीको नियम २७(७) बमोजिम प्रथम वार्षिक साधारण सभा नभएसम्मका लागि श्री चन्द्र प्रसाद ढकाल अध्यक्ष, श्री उत्तम प्रसाद भट्टराई, श्री माधव प्रसाद घिमिरे, श्री व्यास कुमार शर्मा सदस्या रहने गरी गठन भएको सञ्चालक समितिलाई पुनःगठन गरी डा. रामहरि अर्यालको सयोजकत्वमा हालको सञ्चालक समिति रहेको छ । त्यसैगरि कम्पनीको नियमावलीको नियम २७ अनुसार ६ जनाको सञ्चालक समिति रहने र संस्थापक समूहबाट ४ जना, सर्वसाधारण समूहबाट १ जना र स्वतन्त्र सञ्चालक १ जना रहने व्यवस्था रहेकोमा कम्पनीले सर्वसाधारणमा शेयर जारी गरी नसकेकाले सर्वसाधारणमा शेयर जारी नभए सम्मका लागि मानव संसाधन विज्ञ सञ्चालक समितिमा आवश्यक भएकाले मानव संसाधन विज्ञको रूपमा संस्थापक शेयरधनी एक्रश मनिट्रान्सफर प्रा.लि.को तर्फबाट प्रतिनिधि श्री इश्वर कुमार कार्कीलाई सञ्चालकमा नियुक्त गरियो । त्यसैगरी ग्लोबल आइएमई बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री अनिल ज्ञवाली सञ्चालक र हनु भएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ लागु भए पश्चात प्रमुख कार्यकारी अधिकृत सञ्चालकको रूपमा प्रतिनिधित्व गर्न नमिल्ने भएकाले ग्लोबल आइएमई बैंक लिमिटेडको प्रमुख वित्त अधिकृत पदमा रही काम गर्ने श्री दिप चन्द्र रेग्मीलाई सञ्चालकमा मनोनयन गरियो । पूर्व सञ्चालक प्रतिनिधिहरूले कम्पनीको विकासमा पुऱ्याउनुभएको योगदानप्रति वहाँहरूमा बिशेष धन्यवाद व्यक्त गर्दछौं ।

### (च) कारोबारलाई असर पार्ने मुख्य कुराहरू :

विगत केही समयदेखि औद्योगिक विकास अपेक्षा गरिएअनुसार नहुनु, लगानीको क्षेत्र सीमित हुनु, विकासको लागि आवश्यक पर्ने दीर्घकालीन पूँजी परिचालनलाई प्रोत्साहन गर्ने प्रर्याप्त नीतिको अभाव हुनु, जीवन बीमा बारेमा जनचेतनाको कमी, जीवन बीमा कम्पनीहरूको असमान प्रतिस्पर्धात्मक अवस्थाका कारणहरू जीवन बीमा कारोबारलाई असर पार्ने मुख्य बाधकहरू रहेका छन् । नियमनकारी निकाय तथा अन्य निकायहरूबाट समयसमयमा नयाँ तथा परिवर्तन हुने नियम तथा निर्देशनहरूबाट कम्पनीको कारोवारमा प्रत्यक्ष असर पार्ने भएकोले यस्ता परिवर्तनलाई आत्मसात गरी उपयुक्त रणनीति बनाई कम्पनीले आफ्नो कारोबारको दायरा अघि बढाइरहेको छ ।

### (छ) लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया :

लेखापरीक्षण प्रतिवेदनमा विशेष कैफियत उल्लेख नभएको व्यहोरा जानकारी गराउँदछौं ।

### (ज) लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम :

आ. व. २०७३।७४ को मुनाफाबाट लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको छैन ।

### (झ) शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो वापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयरवापत रकम फिर्ता गरेको भए सो को विवरण :

कम्पनी २०६५।०६।१५ मा संगठित संस्थाका रूपमा कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरमा दर्ता रहेको भएतापनि नौं वर्षको लामो समयावधि पछि मात्र बीमा व्यवसाय सञ्चालन गर्न मिति २०७४।०३।२० मा नियमनकारी निकाय श्री वीमा समितिबाट स्वीकृति पाई मिति

२०७४।०५।०१ गतेबाट विधिवतरूपमा कारोबार सञ्चालन गरी जीवन बीमा व्यवसाय गर्दै आएको छ । कम्पनीले दर्ता अवधि (२०६५।०६।१५) देखि सञ्चालन अवधि (२०७४।०३।२०) सम्म अनगन्ती आरोह अवरोह पार गरी आएको छ । यस अवधिमा कम्पनीले आफ्ना शेयरधनीहरूलाई विभिन्न मितिमा आफूले लिन कबुल गरेको शेयर बापतको रकम बुझाउन माग गर्दा समेत बुझाउन नल्याएको हुनाले पटकपटक विभिन्न मितिमा कम्पनीले राष्ट्रिय दैनिक पत्रिकामा सूचना समेत प्रकाशित गरी शेयरधनीहरूलाई आफुले लिन कबुल गरेको शेयर बराबरको रकम चुक्ता गर्न माग गर्दा समेत पूर्णरूपमा माग गरेबमोजिमको रकम चुक्ता नभई आंशिक रकम मात्र चुक्ता हुनआएकोले कम्पनीले संस्थापक शेयरधनी तर्फबाट २०,६१,००० कित्ता शेयर आंशिकरूपमा र अन्य शेयरधनीहरूबाट ५,५०,००० कित्ता शेयर पूर्णरूपमा जफत गरी कुल २६,११,००० कित्ता शेयर जफत गरेको छ । उक्त शेयरको अंकित मूल्य रू. १००।– रहेको छ ।

**(ञ) विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :**

कम्पनीको आ.व २०७३/०७४ को वित्तीय विवरण यसै प्रतिवेदनसाथ संलग्न छ । यस कम्पनीको कुनै सहायक कम्पनी छैन ।

**(ट) कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**

कम्पनीको आ.व. २०७३/०७४ को कारोबारको वित्तीय विवरण यसैसाथ संलग्न गरिएको छ । यस कम्पनीको कुनै सहायक कम्पनी रहेको छैन ।

**(ठ) विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**

त्यस्तो विशेष जानकारी प्राप्त भएको छैन ।

**(ड) विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी :**

आर्थिक वर्ष २०७३/०७४ को आषाढ मसान्तसम्ममा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूको शेयर स्वामित्वको विवरण निम्न बमोजिम छ र शेयर कारोबारमा निजहरूको त्यस्तो कुनै संलग्नता रहेको जानकारी प्राप्त भएको छैन ।

| क.सं. | सञ्चालकहरूको नाम तथा ठेगाना | पद | कित्ता |
|---|---|---|---|
| १ | डा. रामहरि अर्याल, काठमाडौँ | अध्यक्ष | २५,००० |
| २ | श्री अश्विनी कुमार आचार्य, काठमाडौँ | सञ्चालक | ४५,००० |
| ३ | श्री दिपक शर्मा पोखरेल, चितवन | सञ्चालक | १,००,००० |
| ४ | श्री इश्वर कुमार कार्की (श्री एक्रश मनी ट्रान्सफर प्रा.लि तर्फबाट ), दोलखा | सञ्चालक | छैन |
| ५ | श्री दिप चन्द्र रेग्मी (श्री ग्लोवल आइएमई बैंकका तर्फबाट), गोरखा | सञ्चालक | छैन |

**(ढ) विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराईएको जानकारीको व्यहोरा :**

यस्तो कुनै कारोबारको जानकारी प्राप्त नभएको ।

**(ण) कम्पनीले आफ्नो शेयर आफैंले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अंकित मूल्य तथा त्यसरी शेयर खरिद गरेवापत कम्पनीले भुक्तानी गरेको रकम :**

यस्तो कुनै कारोबार भएको छैन ।

**(त) आन्तरिक नियन्त्रण प्रणाली भएको वा नभएको र भएको भए सोको विस्तृत विवरण :**

कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन नियमनकारी निकायको सुशासन सम्बन्धी निर्देशानुसार विभिन्न उप-समितिहरू गठन गरिनुका साथै गठन गर्ने प्रक्रियामा समेत छ । कम्पनीले लेखापरीक्षण समितिले गर्ने कार्य गर्न सञ्चालक श्री दिप चन्द्र रेग्मीलाई जिम्मेवारी प्रदान गरेको छ । कम्पनीले स्वदेशी सफ्टवेयर (Software) सिद्धी लाइफ (Siddhi life) प्रयोगमा ल्याई सम्पूर्ण विभागहरूको दैनिक कार्यहरू गर्दै आएको छ । जीवन बीमा व्यवसायमा हुने जोखिम (Underwriting) तथा लगानी जोखिम नियन्त्रण गर्न कम्पनीले आवश्यकता अनुसार जोखिमाङ्कन निर्देशिका तयार गरी कार्यान्वयन गर्ने गरिएको छ । व्यवस्थापनको तर्फबाट शाखा तथा उप-शाखाहरूको व्यापार तथा आर्थिक कारोवारलाई चुस्त, दुरूस्त तथा पारदर्शी बनाउन आवधिक रिर्पोटिङको व्यवस्था गरिएको छ ।

**(थ) विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :**
आ.व. २०७३।०७४ को कुल व्यवस्थापन खर्चको विवरण देहायबमोजिम रहेको छ ।

| | |
|---|---|
| कर्मचारी खर्च | रू. ७,०९७/– |
| अन्य खर्च | रू. ३४,५००/– |
| जम्मा | रू. ४१,५९७/– |

**(द) लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :**
सर्वसाधारण समूहबाट कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व नभएकाले लेखापरीक्षण समितिले गर्ने कार्य गर्न सञ्चालक श्री दिप चन्द्र रेग्मीलाई जिम्मेवारी प्रदान गरेको छ । निज सञ्चालकले सञ्चालक समितिको बैठकमा सञ्चालकले पाउने भत्ता बराबरको भत्ता प्राप्त गर्नुहुनेछ । लेखापरिक्षण समितिले गर्ने भनी कम्पनी ऐन तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिकाले तोकेको कार्य उल्लेखित सञ्चालकले गर्नुहुनेछ ।

**ध) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :**
नभएको ।

**(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :**

**१. अध्यक्ष तथा सञ्चालक :**
प्रस्तुत आ.व. २०७३/०७४ मा सञ्चालक समितिका अध्यक्षलाई प्रति बैठक रू. ६,०००।– र सञ्चालकहरू लाई प्रति बैठक भत्ता रू. ५,०००।– गरी कुल बैठक भत्ता रू. ३२,०००।– भुक्तानी गरिएको छ ।

**२. कार्यकारी प्रमुख, कम्पनी सचिव तथा अन्य पदाधिकारीहरू :**
प्रस्तुत आ.व. २०७३/०७४ मा कर्मचारीकोरूपमा सवारी चालक मात्रको नियुक्ति भएको र निजलाई निजको पारिश्रमिकस्वरूप १० दिनको रू. ७,०९७।– भुक्तानी गरिएको छ ।

**(प) शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :**
नरहेको ।

**(फ) दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरण :**
दफ १४१ अनुसारको सम्पत्ति खरिद बिक्री नभएको ।

**(ब) दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण :**
नरहेको

**(भ) यस ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुनै कुरा :**
**(अ) लेखापरीक्षकको नियुक्ति :** प्रथम वार्षिक सभा हुनुभन्दा अघि सञ्चालक समितिले लेखापरीक्षक नियुक्त गर्ने सक्ने कम्पनी ऐन, २०६३ को दफा १११ (१) मा उल्लेख गरेको प्रावधानबमोजिम कम्पनीको सञ्चालक समितिले वरिष्ठ चार्टड एकाउण्टेण्ट श्री पि.वाई.सी एण्ड कम्पनीलाई आ.व. २०७३।७४ को लागि लेखापरीक्षक नियुक्ति गरेको छ । आ.व २०७४/७५ को लागि सञ्चालक मध्येका श्री दिप चन्द्र रेग्मीको संयोजकत्वमा रहेको लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति तथा निजको पारिश्रमिकसमेत यसै साधारण सभाबाट निर्धारण गर्नका लागि प्रस्तुत गर्दछौँ ।

**(आ) सम्पत्ति शुद्धिकरण निवारण सम्वन्धमा :** कम्पनीले सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४, नियमावली २०६६, सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी निवारण निर्देशिका, २०६९ र नेपाल राष्ट्र बैंक वित्तीय जानकारी इकाइको नियम तथा निर्देशनलाई निरन्तर परिपालना गर्दै आइरहेको छ । कम्पनीले सम्पत्ति शुद्धीकरण सम्वन्धी आन्तरिक निर्देशिका लागु गरी जानकारी उपलब्ध गराउनुपर्ने सूचना एवं जानकारी समेत निरन्तर उपलब्ध गरइरहेको छ । साथै शाखा तथा उप-शाखाका कर्मचारीहरूलाई सो सम्बन्धी जानकारी गराउने गरिएको छ । यसतर्फ कम्पनी सदा सचेत रहने प्रतिबद्धता ब्यक्त गर्दछौँ ।

**(इ) बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३** : बीमा समितिबाट जारी भएको निर्देशिका कार्यान्वयन हुँदै आएको जानकारी गराउँदछौँ ।

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम (२) सँग सम्बन्धित विवरणहरू :

**१. सञ्चालक समितिको प्रतिवेदन :**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**२. लेखापरीक्षण प्रतिवेदन :**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**३. लेखापरीक्षण भएको वित्तीय विवरण :**
यसै वार्षिक प्रतिवेदनमा संलग्न गरिएको ।

**४. कानूनी कारवाही सम्बन्धी विवरण :**

**क) संगठित संस्थाले वा संस्था विरूद्ध कुनै मुद्दा दायर भएको भए :**
नभएको ।

**(ख संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरूद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए :**
सो सम्बन्धी जानकारी प्राप्त नभएको ।

**(ग) कुनै संस्थापक वा सञ्चालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
त्यस्तो कुनै जानकारी प्राप्त नभएको ।

**(५) संगठित संस्थाको शेयर कारोबार तथा प्रगति सम्बन्धी विश्लेषण :**

**(क) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयर कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
हाल सम्म शेयर कारोबार नभएकोले व्यवस्थापनको कुनै धारणा नभएको/नरहेको ।

**(ख) आ.व २०७३/७४ मा संगठित संस्थाको शेयरको अधिकतम र अन्तिम मूल्यका साथै कारोबार शेयर संख्या र कारोबार दिन :**
कारोबार नभएको ।

धन्यवाद ।
मिति :–२०७४।०९।२६

अध्यक्ष
सञ्चालक समितिको तर्फबाट

Registered with The Institute of Chartered Accountants of Nepal : 56

पि. वाई. सी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेण्ट्स

PYC & ASSOCIATES
Chartered Accountants

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका शेयरधनी महानुभावहरु समक्ष

## लेखापरीक्षकको प्रतिवेदन

### आ. ब. २०७३/०७४

१. हामीले **श्री आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**, हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाडौंको आषाढ ३१, २०७४ को वासलात, सो मितिमा समाप्त भएको आर्थिक वर्षको नाफा नोक्सान हिसाब, इक्वीटीमा भएको परिवर्तन तथा नगद प्रवाह विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरणहरु प्रतिको उत्तरदायित्व कम्पनीको व्यवस्थापनमा रहेको छ । ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो मन्तव्य जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

२. नेपालको लेखापरीक्षण मान तथा प्रचलित लेखापरीक्षण सिद्धान्तको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती लेखापरीक्षण मान तथा सिद्धान्त अनुसार लेखापरीक्षण योजना तयार गरी तदनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । कम्पनीले अवलम्बन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेको महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुती समग्र स्थितिको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणको हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

३. उपरोक्तानुसार वित्तीय विवरणहरुको परीक्षण गरी देहाय बमोजिम प्रतिवेदन पेश गरेका छौं ।

क. हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सबै सूचना र स्पष्टिकरणहरु पायौं ।

ख. कम्पनीले आफ्नो हिसाब किताब प्रचलित कानुन, प्रचलित कानुनका अधिनमा रहि लागू गर्न सकिने हदसम्म नेपाल लेखामान तथा प्रचलन अनुसार ठीकसंग राखेको छ ।

ग. वासलात नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु कम्पनी ऐन, २०६३, बीमा ऐन २०४९ र बीमा नियमावली २०४९ को व्यवस्था एवं बिमा समितिले तोकेको ढाँचा बमोजिम तयार गरिएका छन् र उक्त विवरणहरु कम्पनीले राखेको लेखासँग दुरुस्त रहेका छन् ।

घ. कम्पनीले बिमा ऐन, २०४९ र बीमा नियमावली, २०४९ बमोजिम असमाप्त जोखिमको लागि पर्याप्त जगडा राखेको छ ।

ङ. यो कम्पनीले NFRS अनुसारको वित्तिय विवरण बनाएको छैन ।

४. हामीले प्राप्त गरेको सुचना एवं हामीलाई दिएको स्पष्टिकरण तथा कम्पनीको हिसाब किताबको परीक्षणबाट कम्पनीको संचालक समिति वा कम्पनीका कुनै कर्मचारीले कानुनी व्यवस्था विपरीत काम गरेको वा कम्पनीलाई प्रत्यक्ष हानी गरेको वा हिनामिना गरको वा यसका ग्राहकहरुको हित र सुरक्षा विरुद्ध काम गरेको हाम्रो जानकारीमा आएन ।

५. हामीले पाएसम्मको सूचना एवं हामीलाई दिएको स्पस्टिकरण तथा संलग्न लेखा नीतिहरु र लेखा सम्बन्धी टिप्पणी तथा माथि उल्लेख बुँदा नं. ३ को ङ साथ अध्ययन गर्दा :

क. वासलातले कम्पनीको आषाढ ३१, २०७४ को आर्थिक अवस्था,

ख. नाफा नोक्सान हिसाबले उक्त मितिमा समाप्त अवधिको संचालन नतिजा, तथा

ग. नगद प्रवाह विवरणले उक्त मितिमा समाप्त अवधिको नगद प्रवाहको उचित तथा यथार्थ स्थिति चित्रण गर्दछ ।

लेखापरीक्षक

सि. ए. युद्ध प्रसाद ओली
पार्टनर
पि. वाई. सी. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेण्ट्स

PYC & Associates, Kathmandu Nepal, Chartered Accountants

स्थान : काठमाण्डौं, नेपाल
मिति :२०७४/७/१९

G.P.O.Box:12437, Opp. Kumari Bank, Putalisadak, Kathmandu, Nepal
Phone.: 4444009, 4416222, Fax: 00977-1-4436537, E-mail: pyc@ntc.net.np

IMELiFE

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक वर्ष २०७३।७४ असाढ मसान्त सम्मको वासलात

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **श्रोत** | | | |
| १ | चुक्ता पूँजी | १६ | १,४००,०००,००० | ३,४५०,००० |
| २ | जगेडा तथा कोष | १७ | ९,६८६,३८९ | - |
| ३ | जीवन बीमा कोष | ११ | - | - |
| ४ | महा-विपत्ती जगेडा | १८ | १,०७६,२६५ | - |
| ५ | तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी | १९ | - | - |
| | **कूल श्रोत** | | १,४१०,७६२,६५४ | ३,४५०,००० |
| | **उपयोग** | | | |
| ६ | स्थिर सम्पत्ती (खुद) | २० | - | - |
| ७ | दिर्घकालिन लगानी | २१ | - | - |
| ८ | बीमालेखको धितोमा कर्जा | ३ | - | - |
| ९ | अन्य दिर्घकालिन कर्जा | २३ | - | - |
| | **चालु सम्पत्ती कर्जा तथा पेश्कीहरू :** | | | |
| १० | नगद तथा बैंक मौज्दात | २२ | ५५,०४७,६८९ | २,९४०,९७९ |
| ११ | अल्पकालिन लगानी | २१ | १,३५०,०००,००० | - |
| १२ | अन्य अल्पकालिन कर्जा | २३ | - | - |
| १३ | अन्य सम्पत्ती | २४ | ९,१०२,१७२ | १३४,८१३ |
| | **जम्मा (क) (१०+११+१२+१३)** | | १,४१४,१४९,८६२ | ३,०७५,७९२ |
| | **चालु दायित्व तथा व्यवस्थाहरू :** | | | |
| १४ | चालु दायित्व | २५ | ७१२,४४७ | ४९९,९०० |
| १५ | असमाप्त जोखिम वापत व्यवस्था | २६ | - | - |
| १६ | भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | अन्य व्यवस्था | २६क | २,६७४,७६१ | - |
| | **जम्मा (ख) (१४+१५+१६+१७)** | | ३,३८७,२०८ | ४९९,९०० |
| १८ | **खूद चालु सम्पत्ती (ग) = (क)-(ख)** | | १,४१०,७६२,६५४ | २,५७५,८९२ |
| १९ | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरू | २७ | - | ८७४,१०८ |
| २० | नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान | | - | - |
| | **कूल उपयोग (६+७+८+९+१८+१९+२०)** | | १,४१०,७६२,६५४ | ३,४५०,००० |

संभावित दायित्वहरू तथा अनुसूची ३,९,११ तथा १६ देखि २९ सम्म यसका अभिन्न अंग हुन् ।

## संभावित दायित्वहरू

| क्र.सं. | विवरण | यस बर्ष | गत बर्ष |
|---|---|---|---|
| १ | चुक्ता वा भुक्तानी हुन बाँकी लगानी | - | - |
| २ | प्रत्याभूति प्रतिबद्धता | - | - |
| ३ | बीमालेख अन्तर्गत भन्दा बाहेकबाट बीमक उपर दावी परेको तर बीमकले दायित्व स्वीकार नगरेको । | - | - |
| ४ | बीमकले वा बीमकको तर्फबाट दिइएको ग्यारेण्टी | - | - |
| ५ | अन्य (विवरण खुलाउने) | - | - |
| | **जम्मा** | - | - |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रबन्धक

**लालबाबु साह**
नायव प्रबन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ असाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आम्दानी** | | | |
| १ | आय व्यय हिसाबबाट सारेको | १० | - | - |
| २ | जीवन बीमा कोषबाट सारेको | ११ | - | - |
| ३ | लगानी कर्जा तथा अन्यबाट आय | २ | ५,८३४,९५९ | - |
| ४ | व्यवस्था फिर्ता | १२ | - | - |
| ५ | अन्य आम्दानी | | - | - |
| | **जम्मा आम्दानी (क)** | | ५,८३४,९५९ | - |
| | **खर्च** | | | |
| ६ | व्यवस्थापन खर्च | ७ | ७८,५९७ | - |
| ७ | अपलेखन खर्च | १३ | (७,६८१,०५३) | - |
| ८ | शेयर सम्बन्धी खर्च | १३ क | - | - |
| ९ | अन्य खर्चहरू | १४ | - | - |
| १० | नोक्सानीको लागि व्यवस्था | १५ | - | - |
| ११ | कर्मचारी आवास व्यवस्था | २६ क | - | - |
| १२ | कर्मचारी बोनस व्यवस्था | २६ क | - | - |
| | समायोजित आयकर (अ) =(आ) - (इ) | ८ | २,६७४,७६१ | - |
| १४ | आ) आयकर | | २,६७४,७६१ | - |
| १५ | इ) स्थगन कर सम्पत्ति / (दायित्व) | | - | - |
| १६ | जीवन बीमा कोषमा सारेको | ११ | - | - |
| | **जम्मा खर्च (ख)** | | (४,९२७,६९५) | - |
| १७ | **खूद नाफा /(नोक्सान) (ग) = (क) - (ख)** | | १०,७६२,६५४ | - |
| १८ | अघिल्लो वर्षसंग सम्बन्धित खर्च | | - | - |
| १९ | अघिल्लो बर्षबाट सारिएको नाफा/(नोक्सान) | | - | - |
| | **बाँडफाँडको लागि उपलब्ध रकम** | | १०,७६२,६५४ | - |
| २० | (क) स्थगन कर जगेडा | १७ | - | - |
| | (ख) पूँजीगत जगेडा | १७ | - | - |
| | (ग) विशेष जगेडा | १७ | - | - |
| | (घ) अन्य जगेडा | १७ | - | - |
| | (ङ) प्रस्तावित लाभांश | | - | - |
| | (अ) बोनस शेयर | १७ | - | - |
| | (आ) नगद लाभांश(कर प्रयोजनकोलागि मात्र) | २६ क | - | - |
| | (च) महा-विपत्ती जगेडा | १८ | १,०७६,२६५ | - |
| २१ | **वासलातमा सारेको नाफा/(नोक्सान)** | | ९,६८६,३८९ | - |

अनुसूची २,७,८, तथा १० देखि १५,१७ र १८ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मिति: २०७४।०७।१९
स्थान: काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ को एकिकृत आय व्यय हिसाव

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | - | - |
| २ | पुनर्बीमा कमिशन आय | | - | - |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | - | - |
| ४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३ | - | - |
| ५ | अन्य प्रत्यक्ष आय | | - | - |
| ६ | आर्थिक बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ७ | आर्थिक बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा आय (क)** | | - | - |
| | **व्यय** | | | |
| ८ | दावी भुक्तानी (खुद) | ४ | - | - |
| ९ | अभिकर्ता कमिशन | ५ | - | - |
| १० | स्वास्थ्य परीक्षण शुल्क | | - | - |
| ११ | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १२ | सेवा शुल्क (खुद) | ६ | - | - |
| १३ | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १४ | व्यवस्थापन खर्च | ७ | - | - |
| १५ | आयकर | ८ | - | - |
| १६ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा व्यय (ख)** | | - | - |
| १८ | जीवन बिमा कोषमा सारेको बचत | | - | - |
| १९ | नाफा नोक्सान हिसावमा सारेको बचत / (नोक्सानी) | | - | - |

अनुसूची १ देखि ९ सम्म यसका अभिन्न अंग हुन् ।

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ को सावधिक जीवन बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | - | - |
| २ | पुनर्बीमा कमिशन आय | | - | - |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | - | - |
| ४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३ | - | - |
| ५ | अन्य प्रत्यक्ष आय | | - | - |
| ६ | आर्थिक बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ७ | आर्थिक बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा आय (क)** | | - | - |
| | **व्यय** | | | |
| ८ | दावी भुक्तानी (खुद) | ४ | - | - |
| ९ | अभिकर्ता कमिशन | ५ | - | - |
| १० | स्वास्थ्य परीक्षण शुल्क | | - | - |
| ११ | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १२ | सेवा शुल्क (खुद) | ६ | - | - |
| १३ | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १४ | व्यवस्थापन खर्च | ७ | - | - |
| १५ | आयकर | ८ | - | - |
| १६ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा व्यय (ख)** | | - | - |
| १८ | **जीवन बिमा कोषमा सारेको बचत** | | - | - |
| १९ | **नाफा नोक्सान हिसावमा सारेको बचत / (नोक्सानी)** | | - | - |

अनुसूची १ देखि ९ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ को अग्रिम भुक्तानी सावधिक जीवन बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | - | - |
| २ | पुनर्बीमा कमिशन आय | | - | - |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | - | - |
| ४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३ | - | - |
| ५ | अन्य प्रत्यक्ष आय | | - | - |
| ६ | आर्थिक बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ७ | आर्थिक बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा आय (क)** | | - | - |
| | **व्यय** | | | |
| ८ | दावी भुक्तानी (खुद) | ४ | - | - |
| ९ | अभिकर्ता कमिशन | ५ | - | - |
| १० | स्वास्थ्य परीक्षण शुल्क | | - | - |
| ११ | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १२ | सेवा शुल्क (खुद) | ६ | - | - |
| १३ | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १४ | व्यवस्थापन खर्च | ७ | - | - |
| १५ | आयकर | ८ | - | - |
| १६ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा व्यय (ख)** | | - | - |
| १८ | **जीवन बिमा कोषमा सारेको नाफा = (क) - (ख)** | | - | - |
| १९ | **नाफा नोक्सान हिसावमा सारेको बचत / (नोक्सानी)** | | - | - |

अनुसूची १ देखि ९ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मिति: २०७४।०७।१९
स्थान: काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ को रूपान्तरित सावधिक एवं आजीवन जीवन बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | - | - |
| २ | पुनर्बीमा कमिशन आय | | - | - |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | - | - |
| ४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३ | - | - |
| ५ | अन्य प्रत्यक्ष आय | | - | - |
| ६ | आर्थिक बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ७ | आर्थिक बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा आय (क)** | | - | - |
| | **व्यय** | | | |
| ८ | दावी भुक्तानी (खुद) | ४ | - | - |
| ९ | अभिकर्ता कमिशन | ५ | - | - |
| १० | स्वास्थ्य परीक्षण शुल्क | | - | - |
| ११ | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १२ | सेवा शुल्क (खुद) | ६ | - | - |
| १३ | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १४ | व्यवस्थापन खर्च | ७ | - | - |
| १५ | आयकर | ८ | - | - |
| १६ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा व्यय (ख)** | | - | - |
| १८ | **जीवन बिमा कोषमा सारेको नाफा = (क) - (ख)** | | - | - |
| १९ | **नाफा नोक्सान हिसावमा सारेको बचत / (नोक्सानी)** | | - | - |

अनुसूची १ देखि ९ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ को बैदेशिक रोजगार म्यादी जीवन बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | - | - |
| २ | पुनर्बीमा कमिशन आय | | - | - |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | - | - |
| ४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३ | - | - |
| ५ | अन्य प्रत्यक्ष आय | | - | - |
| ६ | आर्थिक बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ७ | आर्थिक बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| **जम्मा आय (क)** | | | - | - |
| | **व्यय** | | | |
| ८ | दावी भुक्तानी (खुद) | ४ | - | - |
| ९ | अभिकर्ता कमिशन | ५ | - | - |
| १० | स्वास्थ्य परीक्षण शुल्क | | - | - |
| ११ | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १२ | सेवा शुल्क (खुद) | ६ | - | - |
| १३ | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १४ | व्यवस्थापन खर्च | ७ | - | - |
| १५ | आयकर | ८ | - | - |
| १६ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| **जम्मा व्यय (ख)** | | | - | - |
| १८ | **जीवन बिमा कोषमा सारेको नाफा = (क) - (ख)** | | - | - |
| १९ | **नाफा नोक्सान हिसावमा सारेको बचत / (नोक्सानी)** | | - | - |

अनुसूची १ देखि ९ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आर्थिक बर्ष २०७३।७४ को म्यादी जीवन बीमाको आय व्यय हिसाब

| क्र.सं. | विवरण | अनुसूची | यस बर्ष | गत बर्ष |
|---|---|---|---|---|
| | **आय** | | | |
| १ | बीमाशुल्क (खूद) | १ | - | - |
| २ | पुनर्बीमा कमिशन आय | | - | - |
| ३ | लगानी, कर्जा तथा अन्यबाट आय | २ | - | - |
| ४ | बीमालेखको धितोमा कर्जाबाट आय | ३ | - | - |
| ५ | अन्य प्रत्यक्ष आय | | - | - |
| ६ | आर्थिक बर्षको शुरूको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | | - | - |
| ७ | आर्थिक बर्षको शुरूको असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा आय (क)** | | - | - |
| | **व्यय** | | | |
| ८ | दावी भुक्तानी (खुद) | ४ | - | - |
| ९ | अभिकर्ता कमिशन | ५ | - | - |
| १० | स्वास्थ्य परीक्षण शुल्क | | - | - |
| ११ | पुनर्बीमा कमिशन खर्च | | - | - |
| १२ | सेवा शुल्क (खुद) | ६ | - | - |
| १३ | अन्य प्रत्यक्ष खर्च | | - | - |
| १४ | व्यवस्थापन खर्च | ७ | - | - |
| १५ | आयकर | ८ | - | - |
| १६ | आर्थिक बर्षको अन्त्यमा भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था | ९ | - | - |
| १७ | आर्थिक बर्षको अन्त्यमा असमाप्त जोखिम बापत व्यवस्था | | - | - |
| | **जम्मा व्यय (ख)** | | - | - |
| १८ | **जीवन बिमा कोषमा सारेको नाफा = (क) - (ख)** | | - | - |
| १९ | **नाफा नोक्सान हिसावमा सारेको बचत / (नोक्सानी)** | | - | - |

अनुसूची १ देखि ९ सम्म यसका अभिन्न अंग हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## २०७४।०३।२० देखि २०७४ आषाढ मसान्तसम्मको नगद प्रवाहको विवरण

| क्र.सं. | विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| क | **कारोबार सञ्चालनबाट नगद प्रवाह :** | | |
| | बीमा शुल्क आम्दानी | - | - |
| | विलम्ब शुल्क आम्दानी | - | - |
| | पुनर्बीमा शुल्क आम्दानी | - | - |
| | पुनर्बीमा कमिशन आम्दानी | - | - |
| | अन्य प्रत्यक्ष आम्दानी | - | - |
| | पुनर्बीमकबाट प्राप्त दावी रिकभरी | - | - |
| | पुनर्बीमा शुल्क भुक्तानी | - | - |
| | पुनर्बीमा कमिशन भुक्तानी | - | - |
| | अभिकर्ता कमिशन भुक्तानी | - | - |
| | स्वास्थ्य परीक्षण शुल्क भुक्तानी | - | - |
| | मृत्यु दावी भुक्तानी | - | - |
| | अवधि समाप्ती दावी भुक्तानी | - | - |
| | आंशिक अवधि समाप्ती दावी भुक्तानी | - | - |
| | समर्पण मूल्य दावी भुक्तानी | - | - |
| | अन्य दावी भुक्तानी | - | - |
| | सेवा शुल्क भुक्तानी | - | - |
| | अन्य प्रत्यक्ष खर्च | - | - |
| | व्यवस्थापन खर्च भुक्तानी | - | - |
| | कर्मचारी बोनस भुक्तानी | - | - |
| | आयकर भुक्तानी | - | - |
| | चालु सम्पत्तिमा (वृद्धि)/कमी | (८,९६७,३५९) | - |
| | चालु दायित्वमा वृद्धि/(कमी) | २,८८७,३०८ | १२४,२५० |
| | **कारोबार सञ्चालनबाट खूद नगद प्रवाह (क)** | (६,०८०,०५१) | १२४,२५० |
| ख | **लगानी गतिविधीबाट नगद प्रवाह** | | |
| | स्थिर सम्पत्तिमा (वृद्धि) कमी | - | - |
| | सरकारी र सरकारको जमानत प्राप्त सेक्यूरिटीमा लगानीमा (वृद्धि) कमी | - | - |
| | बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानीमा (वृद्धि) कमी | (१,३५०,०००,०००) | - |
| | बैंक तथा वित्तीय संस्थाको अन्य निक्षेप लगानीमा (वृद्धि) कमी | - | - |
| | इक्यूटी शेयर लगानीमा (वृद्धि) कमी | - | - |
| | अग्राधिकार शेयर/डिवेन्चरमा लगानीमा (वृद्धि) कमी | - | - |
| | अन्य लगानीमा (वृद्धि) कमी | - | - |
| | बीमालेखको धितोमा कर्जामा (वृद्धि) कमी | - | - |
| | पेश्की तथा अन्य कर्जामा (वृद्धि) कमी | - | - |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (लगानीमा) | - | - |
| | भुक्तानी प्राप्त डिभिडेन्ड | - | - |
| | भाडा आम्दानी | - | - |
| | भुक्तानी प्राप्त ब्याज आम्दानी (कर्जामा) | - | - |
| | अपलेखन वा समायोजन हुन बाँकी विविध खर्चहरू (वृद्धि) कमी | ११,६३६,७६२ | (८९,१५३) |
| | **लगानी गतिविधीबाट खूद नगद प्रवाह (ख)** | (१,३३८,३६३,२३८) | (८९,१५३) |
| ग | **वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | | |
| | शेयरबाट प्राप्त रकम | १,३९६,५५०,००० | - |
| | तिर्न बाँकी सापटीमा (वृद्धि)/कमी | - | - |
| | अल्पकालिन ऋणमा (वृद्धि)/कमी | - | - |
| | ऋण सापटीमा ब्याज भुक्तानी | - | - |
| | लाभांश भुक्तानी | - | - |
| | **वित्तीय श्रोत कारोबारबाट खूद नगद प्रवाह (ग)** | १,३९६,५५०,००० | - |
| | **यस वर्षको सम्पूर्ण गतिविधीबाट खूद नगद प्रवाह (क)+(ख)+(ग)** | ५२,१०६,७१० | ३५,०९६ |
| | **नगद तथा बैंकमा रहेको शुरू मौज्दात** | २,९४०,९७९ | २,९०५,८८२ |
| | **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ५५,०४७,६८९ | २,९४०,९७९ |

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

**राकेश पोखरेल**
महाप्रबन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# आई.एम.ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड

रजिष्टर्ड कार्यालय : का.म.न.पा. वडा नं ३, पानीपोखरी, काठमाडौं, नेपाल
कर्पोरेट कार्यालय : हाथवे कम्प्लेस, पहिलो तल्ला, लैनचौर, काठमाण्डौ

## आ.व २०७३।७४ अषाढ मसान्त सम्ममा इक्यूटीमा भएको परिवर्तन सम्बन्धी विवरण

| विवरण | शेयर पूंजी | संचित नाफा / नोक्सान | प्रस्तावित बोनस शेयर | पूँजीगत जगेडा कोष | शेयर प्रिमियम | विशेष जगेडा कोष | अन्य जगेडा तथा कोष (स्थगन कर जगेडा) | महाविपत्ती जगेडा | कूल रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| शुरू मौज्दात | ३,४५०,००० | - | - | - | - | - | - | - | ३,४५०,००० |
| गत आ.व सम्बन्धि अन्य समायोजन | - | - | - | - | - | - | - | - | - |
| प्रस्तावित बोनस शेयर जारी | - | | - | | | | | | - |
| प्रस्तावित बोनस शेयर | - | - | - | - | | | | | - |
| यस वर्षको थप चुक्ता पूंजी | १,३९६,५५०,००० | - | - | - | - | - | - | - | १,३९६,५५०,००० |
| शेयर प्रिमियम | | | | | - | | | | - |
| यस वर्षको नाफा नोक्सान हिसावबाट सारेको | - | १०,७६२,६५४ | - | - | - | - | | - | १०,७६२,६५४ |
| महा-विपत्ती जगेडा | | (१,०७६,२६५) | | | | | | १,०७६,२६५ | - |
| स्थगन कर जगेडा | - | - | - | - | - | - | - | - | - |
| नगद लाभांश(कर प्रयोजनकोलागि मात्र) | | - | - | - | - | - | - | - | - |
| अन्तिम मौज्दात | १,४००,०००,००० | ९,६८६,३८९ | - | - | - | - | - | १,०७६,२६५ | १,४१०,७६२,६५४ |

**राकेश पोखरेल**
महाप्रवन्धक

**लालबाबु साह**
नायव प्रवन्धक
लेखा तथा बित्त

**सञ्चालकहरू**
१) दिप चन्द्र रेग्मी
२) इश्वर कुमार कार्की
३) दिपक शर्मा पोखरेल
४) अश्विनी कुमार आचार्य

**डा. रामहरि अर्याल**
अध्यक्ष

**सि.ए. यूद्ध राज ओली**
साझेदार

**पि.वाई.सि एण्ड एसोसिटस्**
चार्टर्ड एकाउन्टेन्ट्स
मितिः २०७४।०७।१९
स्थानः काठमाण्डौ

# वित्तीय विवरणको अभिन्न अंगको रूपमा रहने अनुसूचीहरू

अनुसूची-१

## (क) बीमाशुल्क (खुद)

| क्र.सं. | बीमाको किसिम | कूल बीमाशुल्क | | पुनर्बीमा शुल्क भुक्तानी (Ceded) | | बीमाशुल्क (खुद) | |
|---|---|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| १ | सावधिक जीवन बीमाको आय व्यय हिसाबमा सारेको | - | - | - | - | - | - |
